# जिल्ला समन्वय समितिको कार्यालय डोटी

जिल्ला समन्वय समितिको कार्यालय
सिलगढी, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र नियमावली २०६५ को नियम ३ बमोजिम २०८२ माघ १ गते देखि २०८२ चैत्र मसान्तसम्म यस कार्यालयद्धारा सम्पादित कामको स्वतः प्रकाशन **(Pro Active Disclosure)**

## प्रकाशक

## जिल्ला समन्वय समितिको कार्यालय

## सिलगढी,डोटी

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र नियमावली २०६५ को नियम ३ बमोजिम प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । सूचनाको हक सम्बन्धी कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता,जवाफदेहिता र विश्वसनीयताका लागि नियमिति रुपमा विवरण प्रकाशित (Proactive Disclosure) गर्ने रहेकाले सोही क्रममा २०८२ माघ १ गते देखि २०८२ चैत्र मसान्त सम्म सम्पादित कामको मुख्य मुख्य विवरण प्रस्तुत गरिएको छ ।

## १. जिल्ला समन्वय समितिको स्वरुप र प्रकृति:

जिल्ला समन्वय समितिमा निर्वाचित जनप्रतिनिधिहरुको नेतृत्वदायी भूमिका रहेको हुन्छ ।नेपालको संविधान २०७२ को धारा २२० मा भएको व्यवस्था बमोजिम जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न जिल्ला सभाको गठन भएको हो । जिल्ला सभामा एक जना प्रमुख,एक जना उपप्रमुख,कम्तिमा तिन जना महिला र कम्तिमा एक जना दलित वा अल्पसंख्यक गरि बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन हुने र जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्ने सुम्पूर्ण कार्य सम्पादन गर्ने व्यवस्था रहेको छ । डोटी जिल्ला समन्वय प्रमुख,उपप्रमुख र सात जना सदस्य गरि जम्मा नौ जना पदाधिकारी रहनुभएको छ । समितिको बैठक प्रत्येक महिनाको कम्तिमा दुई पटक र आवश्यकता अनुसार अन्य बैठक समेत बस्ने गरेको छ । सङ्घीय सरकार,प्रदेश सरकारद्धार प्राप्त निर्देशन तथा जिल्ला समन्वय समितिबाट भएका निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन सञ्चालनका लागि जिल्ला समन्वय समितिको कार्यालय हरेको छ । कार्यालय प्रमुखको रुपमा जिल्ला समन्वय अधिकारी(रा.प.द्धितिय श्रेणी निजामती) हुने व्यवस्था रहेको छ । नेपालको संविधानका साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९२ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिष्ट गरेको छ ।

## २. जिल्ला समन्वय समितिको काम,कर्तव्य र अधिकार सम्बन्धी कानूनी व्यवस्था :

संघ प्रदेश र स्थानीय तहका सरकारबीच प्रभावकारी रुपमा समन्वयकारी भूमिकामा रहेको जिल्ला समन्वय समितिलाई कानूनी रुपमा प्राप्त काम,कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाहरु देहाय अनुसार रहेका छन ।

(क) **संवैधानीक व्यवस्था :**

नेपालको संविधान २०७२ को धारा २२० को उपधारा (७)मा जिल्ला सभाको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिएको छ ।

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी काममा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,

जिल्ला समन्वय समितिको कार्यालय सिलगढी, डोटी सुदूरपश्चिम प्रदेश नेपाल

- जिल्लामा रहने सङ्घीय र प्रदेश सरकारी कार्यालय,गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- प्रदेश कानुन बमोजिमका अन्य कार्य गर्ने ।

  जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्ने व्यवस्था समेत रहेको छ ।

**(ख).कानूनी व्यवस्था :**

(१)स्थानीय सरकार सञ्चालन ऐन,२०७४

प्रदेश कानूनले अन्यथा व्यवस्था नगरेसम्मको लागि संविधानमा व्यवस्था भए अनुरुप स्थानीय सरकार सञ्चलन ऐन २०७४ को दफा ९२ मा देहाय बमोजिम जिल्ला सभाको काम,कर्तव्य र अधिकारको उल्लेख गरेको छ ।

- जिल्ला भित्रका गाउँपालिका वा नगरपालिका बीचको विकास निर्माण विषय पहिचान गर्न तथा तथा समन्वय गर्न आवश्यक समन्वय गर्ने ।
- जिल्लाभित्र सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरि त्यस्ता कार्यक्रमको प्रभावकारीता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने,त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत,विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शनलाई सार्वजनिकिकरण गर्ने ।
- जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासका लागि प्रदेश तथा संघ संग समन्वय गर्ने ।
- जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने ।
- जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने ।
- जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने ।


- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैर सरकारी संघसंस्था तथा निजी क्षेत्रसंग समन्वय गर्ने ।
- जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए/नभएको सम्बन्धमा अध्ययन अनुसन्धान तथा अनुगमन गरि विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नका लागि मन्त्रालय,स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धीत गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने ।
- आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानिय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने ।
- जिल्ला भित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनका लागि बर्षको कम्तिमा एक पटक बार्षिक समिक्षाको कार्यक्रम आयोजना गरि सो जिल्लाबाट संङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदसदस्यलाई आमन्त्रण गरि सुझाव लिने ।
- नेपाल सरकार तथा प्रदेश सरकारले तोकेका अन्य काम गर्ने ।

जिल्ला सभाले गर्ने काम जिल्ला समन्वय समितिको नाममा हुने व्यवस्था रहेको छ ।

नि. जिल्ला समन्वय अधिकारी

३. जिला समन्वय समितिको कार्यालयमा रहेका कर्मचारी संख्या र कार्य विवरणः

(१)संगठन संरचना



(२)जिल्ला समन्वय समितिका पदाधिकारीहरुको नामावली:

| क.सं. | नाम/थर | पद | कैफियत |
|---|---|---|---|
| १ | लक्ष्मण बहादुर सिंह | प्रमुख | |
| २ | स्मृती चुनारा (वि.क) | उपप्रमुख | |
| ३ | राम बहादुर खड्का | सदस्य | |
| ४ | नरेश बहादुर खड्का | सदस्य | |
| ५ | ठक्कर बहादुर बोहरा | सदस्य | |
| ६ | शान्ता भुल | महिला सदस्य | |
| ७ | निर्मला भुल | महिला सदस्य | |
| ८ | दिपा कुमारी खड्का | महिला सदस्य | |
| ९ | झगडी कामी | दलित सदस्य | |

(३) जिल्ला समन्वय समितिको कार्यालयमा कार्यरत कर्मचारीहरु:

| क.सं. | पद | नाम/थर | कैफियत |
|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रिक्त | |
| २ | शाखा अधिकृत | रिक्त | |
| ३ | इन्जिनियर | रिक्त | |
| ४ | सब इन्जिनियर | नविन बहादुर पाल | |
| ५ | नायव सुब्बा | पुष्पराज भट्ट | |
| ६ | लेखापाल | कविता जोशी | |
| ७ | ना.सु (प्रमुख सचिवालय) | सुनिल घर्ती | करार |
| ८ | खरिदार | टेक राज ओझा | |
| ९ | हलुका सवारी चालक | छत्र बहादुर खड्का | करार |
| १० | हलुका सवारी चालक | रण बहादुर महरा | करार |
| ११ | कार्यालय सहयोगी | छत्र बहादुर साउँद | करार |
| १२ | कार्यालय सहयोगी | रतन बहादुर कडायत | करार |
| १३ | कार्यालय सहयोगी | संगीता के.सी | करार |
| १४ | सरसफाइ कर्मचारी | प्रेम बहादुर साउँद | |

४.जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवा:

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ का साथै प्रदेश कानून बमोजिम तोकीएका सेवाहरु प्रदान गरिएको छ ।सूचना प्रविधिको प्रयोग गरी कार्यालयका गतिविधिहरु समाजिक सञ्जाल तथा कार्यालयको वेवसाइडमा नियमिति रुपमा सार्वजनिक गर्ने गरिएको छ ।

५. जिल्ला समन्वय समितिको कार्यालयमा रहेका शाखा र जिम्मेवार अधिकारी:

| क.सं. | शाखा | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| १ | व्यवस्थापन शाखा | | |
| | क)प्रशासन शाखा | ना.सु श्री पुष्पराज भट्ट | |
| | ख)आर्थिक प्रशासन शाखा | लेखापाल श्री कविता जोशी | |
| २ | अनुगमन तथा मूल्याङ्कन शाखा | सब-इन्जिनियर श्री नविन बहादुर पाल | |

(६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

जिल्ला समन्वय समितिले प्रदान हुने सबै सेवाहरु निःशुल्क प्रदान हुनेछन ।

(७)निर्णय गर्ने प्रकृया र अधिकारी:

शाखासंग सम्बन्धीत नियमिति कामको निर्णय शाखा प्रमुखबाट हुने, शाखा प्रमुखबाट हुन नसकेका निर्णय र कार्यालय प्रमुखबाटै निर्णय हुने भने तोकीएका विषयमा कार्यालय प्रमुखबाट र नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समिति तथा सभाबाट हुने ।

८.निर्णय उपर उजूरी सुन्ने अधिकारी:

कार्यालयको दैनिक कामकाज सम्बन्धी भएको निर्णय सम्बन्धी उजूरी सुन्ने अधिकारी-जिल्ला समन्वय अधिकारी ।

९. सम्पादन गरेको कामको विवरण(२०८२ माघ १ देखि २०८२ चैत्र मसान्त सम्म)

- जिल्ला समन्वय समिति डोटीको स्विकृत बार्षिक कार्यक्रम अनुसार जिल्लामा रहेका स्थानीय तहका प्रमुख/उपप्रमुख,अध्यक्ष/उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतहरुको सहभागीतामा

जिल्ला समन्वय समितिको कार्यालय
सिलगढी, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल

मिति २०८२/१२/१८ गते स्थानीय तहको असल अभ्यास सम्वन्धी अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरिएको ।

- मिति २०८२/१२/१९ गते जिल्ला समन्वय समितिका प्रमुख श्री लक्ष्मण बहादुर सिंह ज्यूको अध्यक्षतामा दशौं जिल्ला सभा सम्पन्न गरेको ।
- नदिजन्य तथा खानीजन्य पदार्थको उत्दनन्,संकलन र विक्री विवरण सम्वन्धी प्रकृयाको अनुगमन गर्न गठित जिल्ला अनुगमन समितिको बैठक मिति २०८२/१२/०९ गते बसेको ।
- नियमित रुपमा जिल्ला समन्वय समितिको बैठक बस्ने गरेको ।
- जिल्ला स्थित संघ,प्रदेश तथा स्थानीय तहका कार्यालयहरु तथा गैर सरकारी संघ संस्थाहरुले सञ्चालन गरेका विभिन्न गोष्ठी,बैठक,सभा,समारोह तथा कार्यक्रमहरुमा सहभागी भई राय,सल्लाह सुझाव प्रदान गरिएको ।
- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली(Local Governance Performance Assessment System:LGPAS) मार्फत स्थानीय तहहरुबाट पेश भएको आ.व.२०८१/८२ को स्व मूल्याङ्कनको प्रारम्भिक नतिजा अध्ययन गरी मन्त्रालयले तोकेको समय सिमा भित्र सम्बन्धित स्थानीय तहहरुलाई पृष्ठपोषण पठाएको ।
- विभिन्न संघ संस्थाबाट स्थानीय तहमा समन्वय/पत्राचार गरिदिनुहुन भनि आएको अनुरोध बमोजिम समन्वय/पत्राचार गरिएको ।

**१०. सूचना अधिकारी तथा कार्यालय प्रमुखको नाम पदः**

सूचना अधिकारी-ना.सु श्री पुष्पराज भट्ट

कार्यालय प्रमुख – नि जिल्ला समन्वय अधिकारी श्री नविन बहादुर पाल

**११.ऐन,नियम,विनियम**

क) स्थानीय सरकार सञ्चालन ऐन,२०७४

ख) सार्वजनिक खरिद ऐन,२०६३ नियमावली,२०६४

ग) जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धी ऐन,२०७५(सुदुरपश्चिम प्रदेश)

घ) सूचनाको हक सम्बन्धी ऐन,२०६३ र नियमावली २०६५

ङ) निजामती सेवा ऐन,२०४९ र नियमावली,२०५०

च) स्थानीय तहको प्रगती तथा अनुगमन प्रणाली सञ्चालन कार्यविधि,२०८०

...य अधिकारी

छ) पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि,२०८०

ज) जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका,२०७५

झ) स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७७(सुदूरपश्चिम प्रदेश)

ञ) स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि,२०८२

## १२.आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण:

नेपाल सरकार

म.ले.प. फाराम नं:२१०

जिल्ला समन्वय समितिको कार्यालय, डोटी

कार्यालय कोड नं : ३६५००७१०१

**खर्चको फाँटबारी**

बजेट उपशीर्षक नम्बर: ३६५००१०५३

आयोजना/कार्यक्रम नाम: जिल्ला समन्वय समितिको कार्यालयहरु

आर्थिक वर्ष: २०८२/८३

महिना: चैत

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| 26412 सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सशर्त चालु अनुदान | | | | | १६,६६२,०००.०० | ८,२११,६६१.४९ | ७,३४०,६८६.६१ | १,७३४,९४६.०६ | ९,०७५,६३२.६७ | २००,०००.०० | ८,८७५,६३२.६७ | ७,५८६,३६७.३३ |
| | 1100001-नेपाल सरकार | 02-नगद (आन्तरिक ऋण) | | | १६,६६२,०००.०० | ८,२११,६६१.४९ | ७,३४०,६८६.६१ | १,७३४,९४६.०६ | ९,०७५,६३२.६७ | २००,०००.०० | ८,८७५,६३२.६७ | ७,५८६,३६७.३३ |
| 27312 उपदान | | | | | ३,३१३,८६२.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३,३१३,८६२.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३,३१३,८६२.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३,३१३,८६२.०० |
| 27313 सेवा निवृत्तको संचित बिदा | | | | | ८२१,७७९.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ८२१,७७९.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८२१,७७९.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ८२१,७७९.०० |
| 27314 सेवा निवृत्तको औषधी उपचार | | | | | ८७५,२६८.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ८७५,२६८.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८७५,२६८.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ८७५,२६८.०० |
| जम्मा | | | | | २१,६७२,९०९.०० | ८,२११,६६१.४९ | ७,३४०,६८६.६१ | १,७३४,९४६.०६ | ९,०७५,६३२.६७ | २००,०००.०० | ८,८७५,६३२.६७ | १२,५९७,२७६.३३ |

स्रोतगत जम्मा

| | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| 1100001-नेपाल सरकार | | ५,०१०,९०९.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५,०१०,९०९.०० |
| | 01-नगद | ५,०१०,९०९.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५,०१०,९०९.०० |
| 1100001-नेपाल सरकार | | १६,६६२,०००.०० | ८,२११,६६१.४९ | ७,३४०,६८६.६१ | १,७३४,९४६.०६ | ९,०७५,६३२.६७ | २००,०००.०० | ८,८७५,६३२.६७ | ७,५८६,३६७.३३ |
| | 02-नगद (आन्तरिक ऋण) | १६,६६२,०००.०० | ८,२११,६६१.४९ | ७,३४०,६८६.६१ | १,७३४,९४६.०६ | ९,०७५,६३२.६७ | २००,०००.०० | ८,८७५,६३२.६७ | ७,५८६,३६७.३३ |
| जम्मा | | २१,६७२,९०९.०० | ८,२११,६६१.४९ | ७,३४०,६८६.६१ | १,७३४,९४६.०६ | ९,०७५,६३२.६७ | २००,०००.०० | ८,८७५,६३२.६७ | १२,५९७,२७६.३३ |
| अन्तिम बजेटको तुलना (%) | | ५४.४६१५ | | | | | | | |

## १३.तोकीए बमोजिम अन्य विवरण:

क) कार्यालयको वेभसाइड:dccdoti.gov.np

ख) सार्वजनिक निकायमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएको विषय:
२०८२ माघ देखि २०८२ चैत्र मसान्त सम्म सूचना माग सम्वन्धी निवेदन नपरेको ।